# कर्पोरेट समाचार

## आनको आपत्ति

Advertising Association of Nepal

**काठमाडौं, (नेस)**

सरकारी विज्ञापन कारोबारका विषयमा सञ्चार माध्यममा प्रकाशित समाचार तथा विज्ञप्तिप्रति नेपाल विज्ञापन संघ (आन)ले गम्भीर ध्यानाकर्षण भएको जनाउँदै खेद व्यक्त गरेको छ। केही समयअघि 'सरकारी विज्ञापनमा ३ अर्ब गायब" शीर्षकको समाचार तथा सोही विषयलाई लिएर हालै जारी विज्ञप्तिप्रति संघले आपत्ति जनाएको हो।

एउटा जिम्मेवार व्यावसायिक संस्थाको हैसियतले विज्ञापन बजारको पारदर्शिता, मर्यादा र विश्वसनीयतासँग जोडिएका यस्ता समाचारले आम नागरिक र सरोकारवाला निकायमा अनावश्यक भ्रम सिर्जना गरेको संघको ठहर छ। सञ्चार गृहहरू आफैंमा विज्ञापन बजारका भएको उल्लेख गर्दै व्यावसायिक दायित्व बहन गरेका सञ्चार गृहहरूले अर्को सञ्चार गृह वा विज्ञापन एजेन्सीहरूलाई लक्षित गरी पुष्टि नभएका विषयमा भ्रम फैलाउनु व्यावसायिक मर्यादा विपरीत रहेको आनको भनाइ छ।

विज्ञापन बजारलाई व्यवस्थित, पारदर्शी र मर्यादित बनाउनका लागि संघ प्रतिबद्ध छ भन्दै विज्ञापन कारोबार गर्दा विज्ञापन एजेन्सीको रूपमा दर्ता मात्र नभई संगठनात्मक आबद्धता र मान्यता भएका फर्म वा कम्पनीहरूसँग मात्र गर्न संघले आह्वान गर्दै आएको स्मारण गराउँदै अपुष्ट खबरले २५ अर्बभन्दा बढीको विज्ञापन व्यवसायलाई नै अनावश्यक दोषारोपण भएको जनाएको छ।

## एमडीआरटीका लागि सूर्यज्योतिबाट ५५ जना योग्य

**काठमाडौं, (नेस)**

अभिकर्ताहरूको अन्तर्राष्ट्रिय संस्था मिलियन डलर राउण्ड टेबल (एमडीआरटी) ले नेपालका लागि तोकेको व्यावसायिक लक्ष्य सफलतापूर्वक पूरा गर्दै सूर्यज्योति लाइफ इन्स्योरेन्सका ५५ जना अभिकर्ता एमडीआरटी सदस्य बन्न सफल भएका छन्। तीमध्ये दुई जना 'कोर्ट अफ द टेबल' (सीओटी) का लागि योग्य भएका छन्।

प्रदेशगत रूपमा कोशी प्रदेशबाट २ जना, बागमती प्रदेशबाट २९ जना, गण्डकी प्रदेशबाट ५ जना, लुम्बिनी प्रदेशबाट १३ जना, कर्णाली प्रदेशबाट ३ जना र सुदूरपश्चिम प्रदेशबाट ३ जना गरी जम्मा ५५ जना अभिकर्ता एमडीआरटी २०२६ का लागि छनोट भएका हुन्। साथै, तीन पटकभन्दा बढी एमडीआरटी हासिल गर्ने ६ जना र पाँच पटकभन्दा बढी एमडीआरटी प्राप्त गर्ने २ जना गरी ८ जना अभिकर्तालाई कम्पनीले दीर्घ सेवा पदकबाट सम्मानित गरेको छ।

## महिन्द्रा केयरफेस्ट सुरु

**काठमाडौं, (नेस)**

नेपालको लागि महिन्द्राको आधिकारिक सर्भिस केन्द्र बालाजु अटो वर्क्स प्रा.लि. ले महिन्द्रा सवारीधनीका लागि 'महिन्द्रा केयरफेस्ट २०८२ : सर्भिस उत्कृष्ट, गाडी झिलिक्क' सर्भिस क्याम्प सुरु गरेको छ। यो क्याम्प माघ ९ गतेदेखि १४ गतेसम्म सञ्चालन हुनेछ। क्याम्पको उद्देश्य ग्राहकलाई महिन्द्राको भरपर्दो र आधिकारिक सर्भिस आकर्षक छुट तथा थप सुविधासहित प्रदान गर्नु हो।

काठमाडौंको बालाजु औद्योगिक क्षेत्रमा अवस्थित सुविधासम्पन्न बालाजु अटो वर्क्स सर्भिस केन्द्रमा विशेष समारोहका साथ उद्घाटन गरिएको केयरफेस्ट देशभर रहेका ५३ भन्दा बढी शाखा, डिलर तथा कार्यशालामा एकैसाथ सञ्चालन भइरहेको छ।

## माछापुच्छ्रे क्यापिटल र सुपरमाई हाइड्रोपावरबीच सम्झौता

**काठमाडौं, (नेस)**

माछापुच्छ्रे क्यापिटल तथा सुपरमाई हाइड्रोपावरबीच सेयर रजिष्ट्रारसम्बन्धी सम्पूर्ण सेवा प्रदान सम्झौता भएको छ। सम्झौतामा माछापुच्छ्रे क्यापिटलका प्रमुख कार्यकारी अधिकृत उपेन्द्र मालाकार र सुपरमाई हाइड्रोपावर लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत रवि पौडेलद्वारा सम्झौता पत्रमा हस्ताक्षर गर्नुभएको हो।

## सिद्धार्थ बैंकका ग्राहकलाई आईएमई हस्पिटालिटीमा छुट




**काठमाडौं, (नेस)**

सिद्धार्थ बैंक र आईएमई हस्पिटालिटी ग्रुप बिच बैंकका ग्राहकलाई विभिन्न सेवामा छुट प्रदान गर्ने सम्बन्धी सम्झौता भएको छ। सम्झौताअनुसार लाजिम्पाटस्थित होटेल ले हिमालय तथा साके एण्ड फेङ्ग रेष्टुरेन्ट, हर्कपुर तथा बागलुङस्थित इला कम्फर्ट, मौलाकाली स्थित इला रिसोर्टस्, मौलाकाली केबल कार, लुम्बिनी केबल कार र पोखरा स्थित द् लेक रिट्रिटमा बैंकका ग्राहकले बैंकको कार्ड वा मोबाइल बैंकिङ प्रयोग गरी भुक्तानी गर्दा १० प्रतिशतसम्मको छुट प्राप्त गर्न सक्नेछन्।

## प्रभु महालक्ष्मी लाइफद्वारा एमडीआरटी सम्मान




**काठमाडौं, (नेस)**

प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्सले वित्तीय परामर्शदाताको अन्तर्राष्ट्रिय फोरम एमडीआरटी २०२६ का लागि छनोट भएका अभिकर्तालाई सम्मान गर्ने उद्देश्यसहित विशेष कार्यक्रम सम्पन्न गरेको छ। भैरहवामा सञ्चालन भएको कार्यक्रमको उद्घाटन कम्पनीका प्रमुख कार्यकारी अधिकृत सन्तोष प्रसाईंले गर्नुभएको थियो। उहाँले अभिकर्ताले गरेको परिश्रम र समर्पणबाट प्राप्त सफलतामा प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स सधैं साथ-सहयोग र उच्च सम्मान व्यक्त गर्ने उनको भनाइ थियो। एमडीआरटी जस्तो अन्तर्राष्ट्रिय फोरममा छनोट हुनु आफैंमा गौरवको विषय भएको उल्लेख गर्दै उनले सम्पूर्ण छनोट अभिकर्तालाई हार्दिक बधाई तथा आगामी वर्षका लागि निरन्तर सफलताको शुभकामना व्यक्त गर्नुभयो।

# महानगरहरूको पुँजीगत खर्च कमजोर

**काठमाडौं, (नेस)**

चालु आर्थिक वर्षको पहिलो ६ महिनामा देशका ६ महानगरपालिकाहरूले अपेक्षाअनुसार बजेट खर्च गर्न नसकेको देखिएको छ। काठमाडौं, ललितपुर, पोखरा, भरतपुर, वीरगन्ज र विराटनगर महानगरपालिकाको तथ्यांक विश्लेषण गर्दा औसत पुँजीगत खर्च १६.९२ प्रतिशतमा सीमित रहेको छ। महानगरपालिकाहरूको कुल खर्चको तुलनामा चालु खर्चको हिस्सा तुलनात्मक रूपमा उच्च देखिए पनि विकास निर्माणसँग सम्बन्धित पुँजीगत खर्च भने अधिकांश महानगरमा कमजोर छ।

पहिलो ६ महिनामा वीरगन्ज महानगरपालिका पुँजीगत खर्चका हिसाबले अग्रस्थानमा देखिएको छ। यस महानगरले पुँजीगत बजेटको करिब ३३.१४ प्रतिशत खर्च गरेको छ, जुन अन्य महानगरमध्ये सबैभन्दा उच्च हो। ३ अर्ब ३५ करोड ८१ लाख कुल बजेटमध्ये सो अवधिमा १ अर्ब २० करोड ३४ लाख (३५ प्रतिशत) खर्च भएको छ। पुँजीगततर्फ ९८ करोड ५० लाखमध्ये ३२ करोड ६५ लाख खर्च भएको छ भने चालु खर्च ३७ प्रतिशत पुगेको छ।

त्यस्तै ललितपुर महानगरपालिकाले पुँजीगत बजेटको करिब १६ प्रतिशत मात्र खर्च गरेको छ। ४ अर्ब ५० करोड ७७ लाख पुँजीगत बजेटमध्ये ७२ करोड १४ लाख खर्च भएको छ। भुक्तानी बाँकी रहेका योजनाहरूका कारण आगामी महिनामा खर्च बढ्ने अपेक्षा गरिएको छ। काठमाडौं महानगरपालिकाको पुँजीगत खर्च करिब १७ प्रतिशत रहेको छ। २५ अर्ब ७६ करोड ४३ लाख कुल बजेटमध्ये पुँजीगततर्फ १५ अर्ब ५० करोड १७ लाख विनियोजन गरिएकोमा २ अर्ब ४५ करोड १७ लाख मात्र खर्च भएको छ। पूर्वाधार विकासतर्फ विनियोजित ११ अर्ब ३६ करोडमध्ये पनि १३.६१ प्रतिशत मात्र खर्च हुनुले राजधानीको विकास गति सुस्त रहेको संकेत गर्छ।

भरतपुर महानगरपालिकाले पुँजीगत बजेटको १५.६० प्रतिशत खर्च गरेको छ। ५ अर्ब १९ करोड ६७ लाख कुल बजेटमध्ये १ अर्ब २६ करोड ३७ लाख २४.३३ प्रतिशत खर्च भएको छ। पोखरा महानगरपालिकाको पुँजीगत खर्च ८.६९ प्रतिशत मात्र रहेको छ। ८ अर्ब ३५ करोड १२ लाख कुल बजेटमध्ये ४ अर्ब ८३ करोड ८२ लाख पुँजीगत बजेट रहेकामा ४२ करोड ७ लाख मात्र खर्च भएको छ। सबैभन्दा कमजोर अवस्था विराटनगर महानगरपालिका देखिएको छ। यस महानगरकको पुँजीगत खर्च मात्र ७.८५ प्रतिशत रहेको छ भने कुल बजेट १ अर्ब ६१ करोडमध्ये १२ करोड २४ लाख ७.६ प्रतिशत मात्र खर्च भएको छ। ६ महानगरपालिकाको पहिलो ६ महिनाको बजेट खर्च विश्लेषण गर्दा चालु खर्चको तुलनामा पुँजीगत खर्च निकै कमजोर देखिएको छ। अस्थिरता, प्रशासनिक विवाद, आन्दोलनको असर र टेन्डर प्रक्रियामा ढिलाइ प्रमुख कारणका रूपमा देखिन्छन्।

# निर्वाचनमा इन्धन खपत २५ प्रतिशतसम्म बढ्ने

**काठमाडौं, (नेस)**

प्रतिनिधिसभा निर्वाचनका बेला पेट्रोल, डिजेलसहित पेट्रोलियम पदार्थको खपत २५ प्रतिशतसम्म बढ्ने अनुमान गरिएको छ। निर्वाचन केन्द्रित गतिविधि, सवारीसाधनको बढ्दो प्रयोग र राजनीतिक दलहरूको परिचालनका कारण इन्धन माग उल्लेख्य रूपमा वृद्धि हुने नेपाल आयल निगमको प्रक्षेपण छ।

निगमका अनुसार हाल सामान्य अवस्थामा दैनिक औसत २२ देखि २५ लाख लिटर पेट्रोल र ४० देखि ४५ लाख लिटर डिजेल खपत हुँदै आएको छ। तर निर्वाचनको मुख्य प्रचार प्रसार अवधि सुरु हुने मौन अवधि अगाडिका ८-१० दिनमा पेट्रोलको माग २० देखि २५ प्रतिशतसम्म बढ्न सक्ने अनुमान गरिएको छ। यस अवधिमा पेट्रोलको दैनिक खपत २५ देखि २७ लाख लिटरसम्म पुग्न सक्ने निगमको विश्लेषण छ।

निर्वाचनका बेला केही दिन सीमा नाकाहरू बन्द हुने सम्भावनालाई ध्यानमा राख्दै त्यस अवधिका लागि समेत पर्याप्त स्टक राख्ने तयारी गरिएको निगमले जनाएको छ। हाल निगमसँग डिजेल करिब १४ दिन र पेट्रोल करिब १२ दिनका लागि भण्डारण गर्ने क्षमता रहेको छ। यद्यपि निर्वाचनमा सबै प्रकारका इन्धनको माग बढ्ने आम बुझाइ भए पनि डिजेलको कुल खपतमा भने ठूलो प्रभाव नपर्ने निगमको निष्कर्ष छ। निर्वाचनको समयमा विकास निर्माणका आयोजना प्रायः सुस्त वा बन्द हुने भएकाले निर्माण क्षेत्रमा खपत हुने डिजेल घट्ने र सवारीसाधनमा बढ्ने मागले त्यसलाई सन्तुलनमा राख्ने निगमको तयारी छ। निगमले सातै प्रदेशका डिपोमा इन्धन मौज्दात ९० प्रतिशतसम्म पुऱ्याउने लक्ष्य लिएको छ। हाल डिपोहरूमा ६० देखि ७० प्रतिशत मौज्दात रहने गरेको छ। सीमा नाका बन्द हुने वा ढुवानीमा समस्या आउन सक्ने अवस्थालाई ध्यानमा राख्दै सेफ भोल्युमबाहेक पूर्ण क्षमतामा इन्धन भण्डारण गरिने निगमले जनाएको छ।

**बागमती प्रदेश सरकार**
**वन तथा वातारण मन्त्रालय**
**भू-तथा जलाधार ब्यबस्थापन कार्यालय**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सिन्धुपल्चोक, चौतारा**
**प्रथम पटक प्रकाशित मिति २०८२/१०/११**

यस कार्यालयको मिति २०८२/०८/२४ गते E-GP system, Online माध्यमवाट प्रकाशित सूचना अनुसार प्राप्त बोलपत्रहरु मध्ये देहाय बमोजिमको बोलपत्रको कबोल अंक न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रमावग्राही देखिएकाले तपसिलको बोलपत्र स्वीकृतिको लागि छनौट गर्ने निर्णय भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धीत सबैको जानकारिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | कार्यको विवरण | ठेक्का विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक ने रु. (भ्याट र पियस समेत) |
|---|---|---|---|---|
| 1 | Nepane Jholunge Pul Tatha Karkale Basti Samrakshan, Melamchi- 06, Sindhupalchok | SWMOSINDHU/WORKS/NCB-01/2082-83 | Lamichhane and Hamal Construction, Green Hill | 48,16,056.00 |
| 2 | Saatbise Khet Samrakshan tatha Nadi Niyantran, Melamchi- 06, Sindhupalchok | SWMOSINDHU/WORKS/NCB-02/2082-83 | JV S.T.M/Laxmi Apsara Construction Pvt.Ltd, Melamchi-09 | 13,89,917.91 |

**कार्यालय प्रमुख**

**किस्पाङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**काहुले, नुवाकोट**
**वाग्मती पादेश नेपाल**

**बोलपत्र स्वीकृतका लागि आशयको सूचना**

**प्रकाशित मिति :२०८२/१०/११)**

यस कार्यालयबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतीय e–portal www.bolpatra.gov.np/egp मार्फत मिति २०८२/०९/०४ गते प्रकाशित बोलपत्र अह्वानको सूचना बमोजिम रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कनको आधारमा सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र ४७ को प्रयोजनका लागि ७ (सात) दिने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्रम सं | ठेक्का नं. | कामको विवरण | सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट र PS सहित) |
|---|---|---|---|---|
| 1 | KRM/NCB/WORKS/FOOT-TRAIL/04/2082/83 | Gonga bhanjyang Fikuri Paryatakiya Purbadhar | Multipurpose Build Services,Birendranagar-4,Surkhet | Rs.62,52,172.61 |
| 2 | KRM/NCB/WORKS/WS/05/2082/083 | Hangkang Syong Khola Khanepani Aayojana | Meghdoot Nirman Sewa, Bidur-1,Nuwakot | Rs.69,34,812.52 |

**प्रमुख प्रशासकीय अधिकृत**

**Gandaki Provincial Governement**
**Ministry of Physical Infrastructure Development and Transport Management**
**Infrastructure Development Office**
**Tanahun**

**Invitation for Bids**

**Date of publication: 2082-10-11 BS**

Infrastructure Development Office, Tanahun invites online bids only under e-procurement system from eligible bidders for the construction of Projects mentioned below under National Competitive Bidding Single Stage Single Envelope procedure. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit only E-Bid as per instructions within the mentioned period.

| S. N. | Name of Project | Contract ID | Estimated Cost (Excluding VAT and PS )(NRs.) | Bid Document Fee | Bid Security (NRs) |
|---|---|---|---|---|---|
| 1 | Construction of Piurimati Khola Culvert Bhanu-4 and Upgrading of Basbote Mandir Danda Kalika Marga Bhanu 4.8 | IDO/TANAHUN/NCB/W/43/082-083 | 43,82,644.53 | 3000 | 1,25,000 |

**Information to deposit the cost of bidding document in Bank:**
Office Account no (Rajaswa).: - 27302000001001000001
Name of the Bank:- Nepal Bank Ltd
Name of Office: - Infrastructure Development Office, Tanahun
Rajaswa (revenue) Shirshakno. : 14229 Office Code no. :- 3370138034
Office Account no:- 06002000002003000001 (In case of Cash Bid Security)

Last date and time of Bid submission:
2082/11/12 12:00 PM
Bid Opening Date:2082/11/12 13:00 PM

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित । कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं । पोबनं २०४५ । फोनः ५३६११७९ । फ्याक्सः ४३१८९९०। Email: nepalsamacharpatra@gmail.com । प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ । सम्पादकः सागर पण्डित